म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २७० आइतबार, ३ जेठ २०८३ ने. सं. ११४६ बछलागा 17 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## जेनिथमा +२ तहमा भर्ना खुला

हेटौंडा, २ जेठ/हेटौंडा-५, पिप्लेस्थित जेनिथ माध्यमिक विद्यालयले शैक्षिक सत्र २०८३/८४ का लागि कक्षा ११ (+२) मा नयाँ भर्ना खुला गरेको छ । विद्यालयले विज्ञान, व्यवस्थापन, होटल म्यानेजमेन्ट तथा कानून संकायमा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि भर्ना प्रक्रिया सुरु गरेको जनाएको छ । यसवर्ष पनि विद्यार्थीलाई गुणस्तरीय, व्यवहारिक तथा प्रविधिमैत्री शिक्षा प्रदान गर्ने उद्देश्यसहित भर्ना अभियान सञ्चालन गरिएको विद्यालयका प्रिन्सिपल श्रीबहादुर कार्कीले जानकारी दिए । उनकाअनुसार विद्यालयले आधुनिक शिक्षण पद्दति, अनुभवी शिक्षक टोली, अनुशासित शैक्षिक वातावरण तथा विद्यार्थीमैत्री व्यवस्थापनमार्फत् उत्कृष्ट नतिजा हासिल गर्दै आएको जनाएको छ । आजको प्रतिस्पर्धात्मक युगमा केवल सैद्धान्तिक ज्ञानमात्र नभई व्यवहारिक सीप र व्यक्तित्व विकास पनि उत्तिकै आवश्यक रहेको प्रिन्सिपल कार्कीले बताए । विद्यालयले अध्ययनसँगै अतिरिक्त क्रियाकलाप, करियर काउन्सिलिङ, शैक्षिक भ्रमण तथा व्यक्तित्व विकासका कार्यक्रमलाई पनि प्राथमिकता दिँदै आएको जनाएको छ । त्यसैगरी यही जेठ १० गतेदेखि बिएससि/सिएसआइटी र बिसिएको तयारी प्रवेश परीक्षा सञ्चालन हुने प्रिन्सिपल कार्कीले बताए ।

### बेरुजुको मामिलामा बागमती प्रदेश अब्बल, मधेश प्रदेश सर्वाधिक कमजोर

# प्रदेश प्रशासनिक भवन निर्माणस्थलमा रुख छपान

साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/बागमती प्रदेश सरकारले हेटौंडामा एकीकृत प्रशासनिक संरचना निर्माण गर्ने स्थलमा रुख कटानका लागि छपानको काम सुरु गरेको छ ।

बागमती सरकारले एकीकृतढंगले आफ्ना स्थायी संरचना निर्माण गर्नका लागि रुख कटानका लागि छपानको काम थालेको हो । २०८२ चैत १ को मन्त्रिपरिषद् निर्णयअनुसार हेटौंडा उपमहानगर पालिका-१६ र १७ मा रहेको ३१ दशमलब २ हेक्टर राष्ट्रिय वनक्षेत्र प्रदेश सरकारले प्रशासनिक भवन निर्माणका लागि प्रयोग गर्न पाउने गरी भोगाधिकार प्राप्त गरेको थियो । यो आयोजनामा २७ दशमलब ५७ हेक्टर (घ्याम्पे र चुरेकाली सामुदायिक वन) को वनक्षेत्र पर्छ भने ३ दशमलब ४५ हेक्टर विद्यालय र सार्वजनिक जग्गा पर्छ ।



वन ऐन, २०७६ को दफा ४२ को उपदफा (१) बमोजिम भोगाधिकारका लागि स्वीकृति प्राप्त भएको जग्गामा प्रदेश सरकारले मन्त्रालयसहितका विभिन्न संरचना निर्माणको योजना बनाएको छ । 'भवन निर्माणका लागि यो क्षेत्रमा रहेका विभिन्न प्रजातिका ५ हजार २ सय २६ वटा रुख तथा पोल हटाउन वन विभागले अनुमति दिइसकेको छ,' डिभिजन वन कार्यालय हेटौंडाका प्रमुख राकेश चन्द्रवंशीले भने, 'हाम्रै कार्यालयको अगुवाइमा छपान भइरहेको छ । ४/५ दिनभित्र छपान सकेर रुख कटानको काम सुरु हुन्छ ।'

संघीय सरकारको वन तथा भूसंरक्षण विभाग र प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय बीच वनक्षेत्रको जग्गा उपभोगका लागि सम्झौता भइसकेको छ । जग्गा भोगाधिकार र रुख कटानका विषयमा विभाग र प्रदेश सरकार बीच औपचारिक सम्झौताको प्रक्रिया टुंगिएसँगै रुख कटानका लागि छपानकार्य सुरु गरेको हो । यो क्षेत्रमा मसला, कुकाठका रुख बढी रहेको वन कार्यालयले जनाएको छ । लामो समयदेखि भाडाका घर र छरिएर रहेका पुराना सरकारी भवनबाट कार्यसम्पादन गर्दै आएका प्रदेशका मन्त्रालयहरु अब एउटै परिसरमा व्यवस्थित हुनेगरी एकीकृत संरचना निर्माण कार्यमा अघि बढेको हो ।

यो कार्यका लागि प्रदेश सरकारले सोमबार वन तथा भूसंरक्षण विभागसँग सम्झौता गरेको छ । पूर्वाधार निर्माण प्रक्रियालाई अघि बढाउन भौतिक पूर्वाधार विकास मन्त्रालयले यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाका सिडिई चन्द्रदेव भट्टलाई आधिकारिक प्रतिनिधि र प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजनाका इन्जिनियर राजन गौतमलाई साक्षीका रुपमा तोकेर सोमबार विभागमा पठाएको थियो । उनीहरुले सोमबार नै विभागसँग वन सम्झौता गरेका थिए । जग्गा भोगाधिकार प्राप्तिका लागि विभागसँग सम्झौता गर्नुको साथै प्रदेश सरकारले ३ करोड ४१ लाख रुपैयाँ वन विकास कोषमा जम्मा गरिसकेको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयले ५ हजार २२६ रुख कटान वापतको नयाँ विरुवा रोप्न तथा हुर्काउन लाग्ने दस्तुर समेतको रकम जम्मा गरेर विभागसँग सम्झौता गरेको हो । भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहठ्ठाकाअनुसार सरकारले चालु आर्थिक वर्षभित्रै फिल्डमा निर्माणको काम सुरुगर्ने लक्ष्य राखेको छ । प्रक्रियागत काममा केही समय लागेपनि अब रुख कटान र जग्गा व्यवस्थापनको कामले गतिलिने बताए । जग्गा प्राप्ति गर्दा यो क्षेत्रमा रहेका बोटबिरुवा र रुखको संरक्षण तथा वृक्षरोपणका लागि आवश्यक पर्ने रकमको सुनिश्चितततासहित रकम जम्मा गरेर प्रक्रियागतरुपमा सबै काम सम्पन्न गरेको छ ।

पूर्वाधार विकास मन्त्रालयका सचिव महरठ्ठाका अनुसार अबको प्रक्रिया छिटो हुने र चालु वर्षभित्रै संरचना निर्माणको जग बसाल्ने गरी मन्त्रालयले गृहकार्य गरिरहेको छ । रकम जम्मा भइसकेकाले वन विभाग र मन्त्रालयबीच सम्झौता पछि प्रदेशको डिभिजन वन कार्यालय मकवानपुर बाट रुख कटान र संकलनको आदेश लिएर काम अघि बढाएको वन कार्यालय मकवानपुरले जनाएको छ । वन विकास कोषमा राख्नुपर्ने ३ करोड ४१ लाख रुपैयाँ जम्मा गरि सकेको सचिव मरहठ्ठाले बताए ।

राष्ट्रिय भवनसंहितामा आएको परिवर्तन र मन्त्रालयको संख्यामा भएको हेरफेरका कारण पुराना डिजाइनमा केही प्राविधिक र व्यवस्थापकीय परिमार्जन गरिएको भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ । जग्गा पर्याप्त भएकाले संरचना निर्माणलाई राम्रो र प्रभावकारी ढंगले उपयोग गर्ने तयारीमा मन्त्रालय जुटेको छ । निवास र केही मन्त्रालयलाई एकीकृत भवनमा राख्ने र आवश्यकताअनुसार केही छुट्टै भवन पनि बनाउने गरी डिजाइन अन्तिमचरणमा पुगेको मन्त्रालयले जनाएको छ ।

डिभिजन वन कार्यालय मकवानपुरका प्रमुख चन्द्रवंशीले भवननिर्माण क्षेत्रमा पर्ने रुख हटाउन आवश्यक पर्ने वित्तीय र प्रक्रियागत तयारी पूरा भएकाले रुख छपान र कटानको काम सुरु गरिसकेको बताए । यो क्षेत्रको सामुदायिक वन क्षेत्रमा पर्ने रुख सम्बन्धित उपभोक्ता समूहलाई नै हस्तान्तरण गरिनेछ भने सरकारी वनक्षेत्रको काठ वन कार्यालयले व्यवस्थापन गर्नेछ । २०७६ देखि जग्गा प्राप्तिको कानुनी प्रक्रियामा अल्झिएको योजनालाई संघीय मन्त्रिपरिषद् बैठकले टुंग्याएसँगै संरचना निर्माणको बाटो खुलेको हो ।

२०७४ सालमा प्रदेश संरचना बने पनि आफ्नो भवन नभएकाले प्रदेशका मन्त्रालयहरु साँघुरा सरकारी भवन र भाडाका घरबाट सञ्चालन भइरहेका छन् । प्रदेश सरकारको प्रशासनिक भवन बन्ने स्थान हेटौंडाको मुख्य बजारबाट १२ किलोमिटर पूर्वमा पर्छ ।

# आइतबारको बिदा कार्यान्वयन गर्न विद्यालयलाई कडा निर्देशन




साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/हेटौंडा उपमहानगरपालिकाले शैक्षिक सत्र २०८३ देखि हप्तामा दुईदिन सार्वजनिक बिदा कार्यान्वयन गर्न सामुदायिक तथा संस्थागत विद्यालयलाई निर्देशन दिएको छ ।

उपमहानगरको शिक्षाशाखा मार्फत जारी पत्रअनुसार अब सबै विद्यालयमा शनिबार र आइतबार अनिवार्य बिदा रहने तथा अन्य दिन नियमित पठनपाठन सञ्चालन गरिने भएको हो । नेपाल सरकार मन्त्रिपरिषद्को २०८२ चैत २२ गतेको निर्णय तथा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको निर्देशनअनुसार यो व्यवस्था लागू गर्न लागिएको जनाइएको छ । उपमहानगर पालिकाले विद्यालयलाई वार्षिक तथा स्थानीय बिदाको अवधि ५० दिनबाट घटाएर ३० दिन कायम गर्न, सोहीअनुसार शैक्षिक क्यालेन्डर तथा वार्षिक कार्यतालिका निर्माण गर्न निर्देशन दिएको छ ।

प्रथम र द्वितीय त्रैमासिक परीक्षा नियमित पठनपाठनकै दिनमा सञ्चालन गर्नुपर्ने र वार्षिक परीक्षाका लागि शैक्षिक सत्रको अन्तिम १२ दिन उपयोग गर्नुपर्ने उल्लेख गरिएको छ । पत्रमा शुक्रबारका दिन समुदाय तथा पारिवारिक क्रियाकलाप, सूचना प्रविधिमा आधारित परियोजना तथा प्रयोगात्मक कार्यसञ्चालन गरी विद्यार्थीलाई प्रस्तुतीकरणको अवसर दिनुपर्ने व्यवस्था पनि गरिएको छ । विद्यालय समयबाहेक सञ्चालन हुने जीवनोपयोगी सीप, व्यवहारिक दक्षता तथा शिक्षक-विद्यार्थी प्रत्यक्ष सहकार्यमा आधारित सिकाइ गतिविधिलाई समेत सम्बन्धित विषयको वार्षिक कार्यघण्टामा गणना गरी मूल्यांकन गर्न सकिने जनाइएको छ ।

उपमहानगरपालिकाले थप जानकारी तथा सहजीकरणका लागि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रका वेबसाइट तथा सम्बन्धित निर्देशिका अध्ययन गर्न विद्यालयलाई आग्रह गरेको छ ।

## शान्तिटोल विकास संस्थाको अवलोकन



साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/ हेटौंडा-६ मा रहेको शान्तिटोल विकास संस्थाको अवलोकन गरिएको छ । भरतपुर महानगरपालिका-३ मा रहेको बेलचोकटोल विकास संस्थाले शान्तिटोलको स्थलगत अवलोकन गरेको हो ।

टोल विकास संस्थाले गरेका विभिन्न कार्यको अवलोकन गर्ने उद्देश्यले अवलोकनभ्रमण गरिएको हो । शान्तिटोल विकास संस्थाका अध्यक्ष केशव धिताल, सचिव प्रदीप ढुंगाना, कोषाध्यक्ष पूर्णभद्र चौलागाई लगायतले टोल विकास संस्थाले गरेका विभिन्न कार्यबारेमा जानकारी गराएका थिए । शान्तिटोल विकास संस्थाले बचत तथा ऋणको कारोवार, श्रीमद्भागवत सप्ताहज्ञानमहायज्ञ सञ्चालन, घर नम्बरको ब्यवस्थापन, भौतिक संरचना निर्माण, टोलमा रहेका ऐतिहासिक धार्मिकस्थलको संरक्षण, मठमन्दिर निर्माण, सार्वजनिक जग्गाको ब्यवस्थापन, स्ल्याव ढलान, विद्युत, पानीको ब्यवस्थापन लगायत सामाजिक काम गर्दै आएको छ ।

संस्थाले विद्युतीय माध्यम बाट कारोवार गर्नुको साथै ज्येष्ठ नागरिकको लागि ज्येठनागरिक मिलनकेन्द्रको भवन निर्माणकार्य अन्तिमचरणमा पुगेको छ । बेलचोक टोल विकास संस्थाका अध्यक्ष कृष्ण लम्सालको नेतृत्वको भ्रमण दलमा कार्यसमिति, टोल विकास संस्थाका सदस्यको सहभागिता थियो । शान्तिटोल विकास संस्थाको आफ्नै भवन रहेको छ भने यो संस्था हेटौंडा उपमहानगरभित्रका टोल विकास संस्थामध्ये उत्कृष्ट टोल विकास संस्था हो । टोल विकास संस्थामा १ सय २० घरधुरी छन् ।






साझाकुरा

## हाम्रो कुरा

# स्थानीय तहको अर्बौं बेरुजु

मुलुकका स्थानीय तहमा आर्थिक अनुशासनको अवस्था कमजोर देखिएको छ । महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको ६३ औं वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१/८२ मा मात्रै स्थानीय तहमा १९ अर्ब ४ करोड ७७ लाख रुपैयाँ नयाँ बेरुजु थपिएको छ । महालेखाले यो वर्ष ४ महानगरपालिका, १० उपमहानगरपालिका, २६१ नगरपालिका र ४४६ गाउँपालिका गरी कुल ७२१ वटा स्थानीय तहको लेखापरीक्षण गरेको थियो । प्रतिवेदनअनुसार ७२१ स्थानीय तहको कुल ११ खर्ब ९ अर्ब ५२ करोड रुपैयाँको लेखापरीक्षण गर्दा १.७२ प्रतिशत अर्थात् १९ अर्ब ४ करोड रुपैयाँ बेरुजु देखिएको छ । लेखापरीक्षणमा २१ अर्ब ४७ करोड बेरुजु देखिएकोमा ५०२ वटा स्थानीय तहले प्रमाण पेस गरेपछि ८० करोड १४ लाख रुपैयाँ लेखापरीक्षण (फर्स्योट) भई यो बेरुजु रकम कायम भएको महालेखाले जनाएको छ । थपिएको कुल १९ अर्ब ४ करोड बेरुजुमध्ये सबैभन्दा धेरै रकम प्रक्रिया नपुर्‍याई खर्च गरिएको (नियमित गर्नुपर्ने) शीर्षकमा रहेको महालेखाले जनाएको छ । महालेखाको प्रतिवेदनअनुसार स्थानीय तहमा असुल गर्नुपर्ने (खलनामे/हिनामिना) २ अर्ब १ करोड ३३ लाख, नियमित गर्नुपर्ने प्रमाण नपुगेको/प्रक्रिया नमिलेको १५ अर्ब १८ करोड ९४ लाख र पेस्की बाँकीमा १ अर्ब ८४ करोड ५० लाख रुपैयाँ रहेको उल्लेख छ ।

थपिएको बेरुजुसहित अब स्थानीय तहको कुल अद्यावधिक बेरुजु २२ अर्ब ४ करोड ७२ लाख रुपैयाँ पुगेको छ । गतवर्षसम्म स्थानीय तहको बाँकी बेरुजु २० अर्ब ९२ करोड ८९ लाख रहेकोमा यो वर्ष ७ अर्ब ८६ करोड मात्र सम्परीक्षण भएको प्रतिवेदनमा उल्लेख छ । महालेखाको तथ्यांकअनुसार लेखापरीक्षण अंकको तुलनामा ५ प्रतिशतभन्दा कम बेरुजु हुने स्थानीय तहको संख्या ६८१ वटा रहेको छ । ५ देखि १५ प्रतिशतसम्म बेरुजु हुने ३९ वटा छन् भने १ वटा स्थानीय तहको बेरुजु १५ प्रतिशतभन्दा बढी देखिएको प्रतिवेदनमा उल्लेख छ । स्थानीय तहले बजेट र कानुनको ठाडो उल्लंघन गरेको धेरै दृष्टान्त महालेखाले औंल्याएको छ । महालेखाले अबण्डा राखेर मनपरी खर्च गर्ने गरेको उल्लेख गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन विपरीत २१९ वटा स्थानीय तहले ७ अर्ब ५६ करोड ७४ लाख रुपैयाँ बजेट विनायोजना अबण्डा (शीर्षक नतोकी) राखेर आफूखुसी बाँडफाँट गरी खर्च गरेको देखिएको छ । कानुनअनुसार हरेक स्थानीय तहले आफ्नो आय/व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्नेमा २६८ वटा स्थानीय तहले यस्तो लेखापरीक्षण नै नगराएको प्रतिवेदनले जनाएको छ । महालेखाको प्रतिवेदनअनुसार ९० वटा स्थानीय तहको स्रेस्ताले देखाएको भन्दा बैंक खातामा ५४ करोड ४९ लाख रुपैयाँ घटी मौज्दात देखिएको छ । बैंक खाता र स्रेस्ताको हिसाब मिलान नै गरिएको छैन । २२१ वटा स्थानीय तहले वर्षान्तमा जिन्सी निरीक्षण गराएका छैनन् भने २९३ वटा स्थानीय तहले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली प्रयोग नै नगरेको महालेखाले जनाएको छ ।

१७७ स्थानीय तहले भुक्तानीका क्रममा काटेको करलगायतको १३ करोड ३० लाख रुपैयाँ सम्बन्धित खातामा दाखिला नगरी आफैंले राखेको प्रतिवेदनमा उल्लेख छ । स्थानीय तहको राजश्व संकलन प्रणालीसमेत कमजोर रहेको र कानुनविपरीत करछुट दिने परिपाटी रहेको भन्दै महालेखाले सुधारका लागि सचेत गराएको छ ।आर्थिक वर्ष २०८१/८२ मा बेरुजुको मामिलामा बागमती प्रदेश सबैभन्दा अब्बल देखिएको छ । प्रतिवेदनअनुसार बागमती प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फ यो वर्ष शून्य दशमलव ८३ प्रतिशत बेरुजु देखिएको छ । बेरुजुको मामिलामा मधेश प्रदेश सर्वाधिक कमजोर देखिएको छ । मधेश प्रदेश सरकारको बेरुजु प्रतिशत अन्य प्रदेशको तुलनामा बढी छ । मधेश प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फ भने बेरुजु प्रतिशत ३ दशमलव ७७ प्रतिशत छ । कोशी प्रदेश सरकारअन्तर्गत १ दशमलव १२ प्रतिशत, गण्डकी प्रदेश सरकार अन्तर्गत १ दशमलव ४४ प्रतिशत, लुम्बिनी प्रदेश सरकारअन्तर्गत १ दशमलव २७, कर्णाली प्रदेश सरकारअन्तर्गत २ दशमलव ०८ प्रतिशत र सुदूरपश्चिम प्रदेश सरकारअन्तर्गत १.५३ प्रतिशत बेरुजु देखिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ ४ गते सोमबार १८ मे २०२६ । द्वितीया, जेठ शुक्लपक्ष । अनलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:१६ सूर्यास्त ६:४६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कामको उचित प्रतिफल पाइनेछ | तुला | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| वृष | : धन आर्जन हुनेछ | वृश्चिक | : अधुरा योजना पूरा हुने देखिन्छ |
| मिथुन | : काम बन्नाले उत्साह जाग्नेछ | धनु | : भाग्योदयको समय रहनेछ |
| कर्कट | : दोहोरो लाभ मिल्नेछ | मकर | : अध्ययन अध्यापनमा गडबडी हुनेछ |
| सिंह | : श्रमबाट प्रशस्त लाभ हुनेछ | कुम्भ | : काममा उत्साह बढ्नेछ |
| कन्या | : पारिवारिक समस्या आउनसक्छ | मीन | : प्रेमको बन्धन कसिनेछ |

# एसईईको नतिजा, कागजी न्याय र आशाका किरणहरू



✍सुदामप्रसाद गौतम

वर्तमान सरकार गठन भएलगत्तै माध्यमिक शिक्षा परीक्षा (एसईई) हुँदै थियो । सरकारले एसईईको नतिजा एक महिनाभित्रै प्रकाशन गर्ने निर्णय गर्‍यो । सरकारको निर्णयलाई कार्यान्वयन गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सबै परीक्षा केन्द्रहरूलाई परिपत्रसमेत जारी गर्‍यो । सरकारको यो निर्णय र निर्देशन धेरैका लागि अप्रत्याशित र आश्चर्यजनक नै थियो । विगतमा तीन महिना लाग्ने काम एक महिनामै सक्ने निर्णय धेरैका लागि अचम्मको विषय बन्यो । केही विज्ञहरूले सामाजिक सञ्जालमा यसको आलोचनासमेत गरे । हतारमा काम गर्दा प्रणाली नै बिग्रन सक्ने तर्क उनीहरूको थियो ।

तर सरकारले नयाँ निर्देशिका ल्याएर परीक्षालाई व्यवस्थित बनायो । परीक्षा सकिएको तीन दिनभित्रै उत्तरपुस्तिका जाँच्ने व्यवस्था गरियो । विगतमा निश्चित विज्ञले मात्र कापी जाँच्थे । यसपालि सम्बन्धित केन्द्रका विषय शिक्षकलाई नै जिम्मेवारी दिइयो । अन्तत: अनेकौं प्रश्न, आलोचना र आशंका चिर्दै निर्धारित समयसीमाभित्रै नतिजा प्रकाशन भयो । यसले एउटा 'पाराडाइम सिफ्ट' (चिन्तन पद्धतिमा परिवर्तन) गरिदिएको छ । यस वर्ष देशभरबाट चार लाख ३० हजार ६६७ विद्यार्थी परीक्षामा सहभागी भएका थिए । जसमध्ये दुई लाख ८४ हजार १६० जनाले विभिन्न ग्रेड प्राप्त गरेका हुन् भने एक लाख ४६ हजार ५०७ जना 'नन ग्रेडेड' (एनजी) मा परेका छन् । ननग्रेडेड भएका विद्यार्थीले ग्रेडवृद्धि (मौका) परीक्षाको अवसर प्राप्त गर्नेछन् ।

यसअघि २०८१ सालको एसईई नतिजामा ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । यस वर्ष उक्त प्रतिशत बढेर ६५.९८ पुगेको हो । अघिल्लो वर्षको तुलनामा यस वर्ष ४.१७ प्रतिशत बिन्दुले नतिजामा सुधार आएको देखिएको छ । २०८० सालको एसईईमा ४७.८६ प्रतिशत विद्यार्थी मात्रै उत्तीर्ण भएका थिए भने ५२.१४ प्रतिशत विद्यार्थी ननग्रेडेड भएका थिए । लगातार दोस्रो वर्ष पनि नतिजामा सुधार देखिएपछि शैक्षिक क्षेत्रमा सकारात्मक सङ्केत देखिएको छ ।

सार्वजनिक नतिजाअनुसार सबैभन्दा बढी ३.६ देखि ४ जीपीए ल्याउने विद्यार्थीको संख्या ४८ हजार ३९२ रहेको छ । त्यस्तै ३.२ देखि ३.६ जीपीए ल्याउने ८० हजार ३७२, २.८ देखि ३.२ जीपीए ल्याउने ९४ हजार २२२ र २.४ देखि २.८ जीपीए ल्याउने ५५ हजार ९७७ विद्यार्थी रहेका छन् । यस्तै २ देखि २.४ जीपीए ल्याउने पाँच हजार १९० विद्यार्थी रहेका छन् भने १ देखि २ जीपीए ल्याउने विद्यार्थीको संख्या सात रहेको छ । यो नतिजाले शिक्षा क्षेत्रमा सकारात्मक ऊर्जा थपेको छ ।

यसपटक जनशक्ति थप गर्नुका साथै नयाँ निर्देशिकाको कडाइका साथ कार्यान्वयन गरिएकाले समयमा नतिजा आउन सम्भव भयो । 'माध्यमिक शिक्षा परीक्षा (एसईई) व्यवस्थापन तथा उत्तरपुस्तिका परीक्षण निर्देशिका, २०८२' मा 'परीक्षा समाप्त हुने समयमा तोकिएका परीक्षकहरू परीक्षण केन्द्रमा पुगिसक्नुपर्ने' व्यवस्था गरिएको थियो । विगतमा परीक्षा केन्द्रमा उत्तर पुस्तिका पोको पारेर राख्ने गरिन्थ्यो । यसपटक उत्तरपुस्तिका थुपारेर राख्ने पुरानो चलन हटाइयो । तीन दिनभित्र विषयगत शिक्षकलाई समानुपातिक रूपमा वितरण गरेर सरासर जाँच गर्न लगाइएको थियो ।

परीक्षण भएका उत्तरपुस्तिका आउनु अगावै प्राप्ताङ्क सङ्कलन र प्रविष्टिको कामलाई पनि छिटो बनाइयो । उत्तरपुस्तिका प्राप्त भएपछि त्यसलाई भिडाएर टेबुलेसन गरियो । नयाँ निर्देशिकामा परीक्षा भएकै दिन परीक्षक र सम्परीक्षकलाई उत्तरपुस्तिका बुझाइने, परीक्षणमा लापरबाही गरेको पाइएमा लापरबाहीको मात्रा हेरी पुन: परीक्षण गराउने, पारिश्रमिक कट्टा गर्ने वा परीक्षकको सूचीबाट नाम हटाउने, अन्य अमर्यादित कार्य गरेमा प्रचलित कानुनबमोजिम विभागीय कारबाहीसमेत गर्ने व्यवस्था गरिएको थियो ।

यसपटक विगतका तुलनामा नतिजा सुधार पनि भएको छ । यसले नयाँ सरकारले शैक्षिक पात्रोलाई सही अर्थमा कार्यान्वयन गर्न सक्ने विश्वास पनि पलाएको छ । यसले दशकौंदेखि जकडिएर बसेको 'नेपालमा केही हुँदैन' भन्ने निराशावादी भाष्यलाई ध्वस्त पारेको छ । धेरैका सिमेन्टेड धारणा भत्काएको छ । 'गरे सम्भव हुन्छ' भन्ने तथ्य पुष्टि गरेको छ । राज्यको दृढ इच्छाशक्ति र शिक्षकमाथिको भरोसाको शक्ति देखाएको छ । यो 'शिक्षकलाई जिम्मेवारी र विश्वास दिंदा परिणाम राम्रो आउँछ' भन्ने बलियो प्रमाण हो ।

यो सफलताको पछाडि सरकारको निर्देशन मात्र थिएन, बरु उत्तरपुस्तिका परीक्षणको परम्परागत र झन्झटिलो प्रक्रियालाई चिरेर सम्बन्धित परीक्षा केन्द्रका विषय शिक्षकहरूलाई नै जिम्मेवारी दिने निर्णय प्रमुख थियो । सुरुमा केही पूर्वप्रशासक र विज्ञहरूले समेत प्रणालीमा समस्या आउने आशङ्का गर्दै सामाजिक सञ्जालमा आलोचना गरेका थिए । अन्तत: शिक्षकप्रतिको विश्वासले नै सबै आशङ्कालाई गलत साबित गरिदियो ।

यसले 'यदि नियत सफा छ र सङ्कल्प दृढ छ भने प्रक्रियाहरू परिणामका बाधक होइनन्, सहायक हुन्' भन्ने सन्देश दिएको छ । कतिपयले प्रणाली बिग्रने आशङ्का गर्नुका पछाडि उनीहरूको प्रक्रियाप्रतिको अन्धविश्वास थियो । यसले 'विश्वास नै सबैभन्दा ठूलो प्रशासनिक शक्ति हो' भनेर प्रमाणित गर्‍यो ।

वास्तवमा यो नतिजा शिक्षकमाथिको विश्वासको परिणाम हो । शिक्षकलाई विश्वास गरेर जिम्मेवारी दिइएमा र शिक्षकमाथिको लगानी बढाइएमा देशको शैक्षिक गुणस्तर वृद्धि हुन्छ भन्ने कुराको यो प्रमाण हो । प्रधानाध्यापक संघ नेपाल (पान) मार्फत हामीले यो कुरा विगतदेखि नै भन्दै आएका थियौं । 'सामुदायिक विद्यालयको अवस्था बदल्न शिक्षक र प्रधानाध्यापकहरूमाथि विश्वास गरिनुपर्छ र लगानी बढाइनुपर्छ' भनेर हामीले आवाज उठाउँदा कतिपयले सामुदायिक विद्यालयको अवस्था देखाएर त्यसलाई व्यक्ति-केन्द्रित मुद्दा जस्तो बनाए ।

पानले सामुदायिक विद्यालयको अवस्था बदल्न देशभरका विद्यालयका प्रधानाध्यापकहरूलाई विविध खालका तालिमहरू सञ्चालन गर्‍यो । प्रअहरूको क्षमता अभिवृद्धि गर्न र सामुदायिक विद्यालयको चित्र बदल्ने पानको अभियान सुरुमा यस्तै आशङ्का र प्रश्नहरूबीच थियो । तर, जब पानले देशभरका प्रअहरूको सञ्जाल तयार गरी कार्यक्रम अघि बढायो, त्यसपछि धेरैमा नयाँ आशा जन्मायो । नेपालको शिक्षा बदल्न सबैभन्दा पहिला सामुदायिक विद्यालयलाई व्यवस्थित बनाउनैपर्दछ । सामुदायिक विद्यालयको आमूल रूपान्तरण गर्नैपर्दछ । तिनलाई गर्व गर्न लायक शैक्षिक केन्द्रका रूपमा उठाउनैपर्दछ । शिक्षकहरूमाथि विश्वास गरेर उनीहरूको क्षमता विकासमा ध्यान दिनैपर्दछ । राज्यले चाहेमा र सरकार इमानदारीपूर्वक लागेमा सामुदायिक विद्यालयहरू नयाँ उचाइमा पुग्नेछन् ।

कतिपयलाई 'नेपालमा सामुदायिक विद्यालयहरू कहिल्यै पनि माथि उठ्न सक्दैनन्' भन्ने लाग्छ । 'सामुदायिक विद्यालय बदलिने कुरा फलामको चिउरा चपाउनुसरह हो' भन्ने उनीहरूलाई छ । तर, जसरी 'एक महिनाभित्र एसईईको नतिजा सार्वजनिक गर्न सम्भव छैन' भनेर बनाइएको भाष्य तोडियो, त्यसैगरी 'एक वर्षमै सामुदायिक विद्यालय नयाँ ठाउँमा पुर्‍याउन सम्भव छ' भन्ने तथ्य प्रमाणित गर्न सकिन्छ । त्यसका लागि शिक्षा मन्त्रालय, मातहतका सबै निकाय, विद्यालय व्यवस्थापन, प्रअ, शिक्षक र सरोकारवाला सबैले 'यो सम्भव छ' भन्ने कुराको सङ्कल्प गरेर लाग्नु जरुरी छ ।

नेपालको सार्वजनिक प्रशासन र शिक्षा क्षेत्रमा एउटा गहिरो मनोवैज्ञानिक 'क्यान्सर' रोग छ- 'कुनै पनि काम समयमै सम्पन्न नहुने र प्रक्रियाको नाममा परिणामलाई ओझेलमा पार्ने ।' परिणामभन्दा कागजी प्रक्रियालाई मात्र महत्त्व दिइन्छ । यसले गर्दा मिहिनेती शिक्षकहरू पनि निरुत्साहित छन् । राज्यका संरचनाहरू त छन्, तर ती सबै फड्के किनाराका साक्षी जस्तै भएका छन् । हरेक काम-कार्यमा प्रक्रिया पूरा गर्ने नाममा ढिलासुस्ती गर्नु राष्ट्रिय रोग जस्तै छ । प्रक्रिया एक कर्मकाण्ड जस्तो छ । नियत र परिणाम नहेर्ने, प्रक्रिया मात्रै हेर्ने गरिन्छ । 'प्रक्रिया पुर्‍याउन महिनौं/वर्षौं लागे पनि लागोस्, बरु काम नै नहोस् तर कागजपत्र-प्रक्रिया सबै मिल्नुपर्छ, मिलाउनुपर्छ' भन्ने रोगले देशमा जबर्जस्त राज गरेको छ ।

नेपाली प्रशासनको ठूलो समस्या 'कागजी न्याय' हो । प्रक्रिया पुगेको छ भने परिणाम शून्य भए पनि यहाँ कसैलाई कारबाही हुँदैन । तर प्रक्रियामा सानो तलमाथि भएमा परिणाम जतिसुकै उत्कृष्ट आए पनि त्यसलाई स्वीकारिँदैन । यो अमानवीय छ । शिक्षा जस्तो जीवन्त क्षेत्रमा जहाँ विद्यार्थीको भविष्य जोडिएको हुन्छ, त्यहाँ प्रक्रियाको नाममा परिणामलाई बन्धक बनाइनु हुँदैन । हामीले बुझ्नुपर्छ कि प्रक्रिया मानिसका लागि बनाइएको हो, मानिस प्रक्रियाका लागि होइन । जब कानुनले मानिसको प्रगति र समयको मूल्य बुझ्दैन, तब त्यो कानुन सुधार गर्नु आवश्यक हुन्छ ।

कुनै पनि राष्ट्रको मेरुदण्ड त्यसका सिर्जनशील नागरिक र साहसिक निर्णय लिन सक्ने प्रशासकहरू हुन् । तर, प्रक्रियाको जञ्जालले एउटा यस्तो मनोवैज्ञानिक घेरा निर्माण गरिदिएको छ, जहाँ 'गल्ती नगर्ने' नाममा 'केही पनि नगर्ने' प्रवृत्ति हुर्किएको छ । एकजना प्रधानाध्यापकले विद्यालयको शैक्षिक गुणस्तर सुधार्न आफ्नो दिनरात समय दिन्छ, मिहिनेत र पसिना बगाउँछ तर राज्यको प्रणालीले उसको त्यो मिहिनेतलाई देख्दैन । बरु एउटा सानो प्राविधिक प्रक्रिया नमिलेको निहुँमा उसलाई अपराधीको कठघरामा उभ्याइन्छ । यो प्रवृत्तिले 'पहलकदमी' लिने इच्छाशक्तिलाई मार्ने काम गर्छ । वास्तवमा यो सङ्कीर्ण जडता हो, जसले मानिसलाई यन्त्र बनाउँछ र मानवीय संवेदना तथा आवश्यकतालाई कागजको पानामा कैद गरिदिन्छ ।

यहाँ प्रक्रिया आफैंमा एउटा गन्तव्य जस्तो बन्न गएको छ । जब साधन नै साध्य बन्न पुग्छ, तब प्रणालीमा एउटा गम्भीर विचलन आउँछ । यो एक प्रक्रियामुखी क्यान्सर हो । यो यस्तो रोग हो, जहाँ बिरामीको उपचार भयो कि भएन भन्ने कुरा गौण हुन्छ, अस्पतालको कागजी प्रक्रिया मिल्यो कि मिलेन भन्ने कुराले प्रधानता पाउँछ । वास्तवमा यो अर्थहीन कर्मकाण्डबाहेक केही होइन । यसले गर्दा शिक्षकहरू पहलकदमी लिनुभन्दा 'घाम ताप्ने र समय टार्ने' बाध्यतामा अभ्यस्त छन् । अब यसलाई तोड्न जरुरी छ ।

एसईईको नतिजाले देखाएको छ कि नियत सफा भए असम्भव काम पनि सम्भव हुन्छ । सामुदायिक विद्यालयलाई गर्व गर्न लायक बनाउन अब सबै सरोकारवालाले सङ्कल्प गर्नुपर्छ । राज्यले इमानदारीपूर्वक प्रयास गरे एक वर्षमै विद्यालयको अवस्था बदल्न सकिन्छ । प्रक्रियाको नाममा परिणाम ओझेलमा पार्ने प्रवृत्ति त्यागेर अब नतिजामुखी शिक्षामा लाग्नुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# सम्पत्ति छानबिन आयोगको प्रभावकारिता

✍श्यामप्रसाद मैनाली

सार्वजनिक पदमा रहेकाहरूले जब अधिकारको दुरुपयोग गर्न थाल्छन्, त्यहींबाट अवैध सम्पत्तिको आर्जन प्रारम्भ हुन्छ । विशेष गरी राजनीतिक परिवर्तनपश्चात् पूर्ववर्ती सरकारमा रहनेहरूमा देखिएका विकृतिहरूका बारेमा अनुसन्धान एवं छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्ने र गलत कार्य गर्नेहरूउपर कारबाही गरी आएका उदाहरण लोकतान्त्रिक देशहरूमा पाइन्छ । अपवादका देशहरूमा मात्र छानबिन गर्ने र कारबाही गर्ने निकाय एउटै भएको पाइन्छ, किनकि अनुसन्धान गर्ने निकायले निकालेको निष्कर्षको आधारमा कानुनले कारबाही गर्नको लागि जिम्मेवारी तोकेको पदाधिकारीले मात्र त्यस्ता अभियुक्तहरुलाई कारबाही गर्न सक्छन् ।

लोकतन्त्रमा छानबिन गर्ने र कारबाही गर्ने एउटै निकाय प्राय: हुँदैन, सिद्धान्तत: गर्न मिल्दैन ।विभिन्न देशका आयोगहरूको गठन प्रक्रिया र संरचना हेर्दा क्रान्ति वा आन्दोलन पश्चात् सरकार परिवर्तन भएको हुन्छ । केही देशहरूमा संविधान नै समाप्त गरी अर्को संविधान लेख्ने कामसमेत भएको हुन्छ । यस अवस्थामा अकुत सम्पत्ति आर्जन गर्नेहरु सबैमाथि कार बाही गर्ने आवाज जनस्तरबाट उठ्छ । यसलाई सम्बोधन गर्नुपर्ने कर्तव्य नयाँ उदय भएको शक्ति सम्पन्न सरकारको हुन आउँछ । यस्ता आयोगहरु एथिक्स कमिसन, एन्टिकरप्सन डिक्लेरेसन अथोरिटी आदिका नामबाट गठन भई कारबाही बढेको देखिन्छ । विश्वभरका १६० देशहरूमा यस प्रकारका आयोगहरू गठन भई छानबिन गराउने र कारबाहीको लागि सरकारमा पेस गर्ने चलन छ । राजनीतिक संक्रमणको समयमा पारदर्शिताको माग तीव्ररुपमा उठ्छ ।

यसमा सुधार ल्याउनु जरुरी हुन्छ । यही प्रयोजनको लागि आयोगहरू गठन गरिएका हुन्छन् । लाइबेरियामा गृहयुद्धपश्चात् एन्टिकरप्सन कमिसनको गठन भएको थियो । सम्पत्ति घोषणालाई अनिवार्य गरिएको छ । एन्टिकरप्सन कमिसनले निरन्तररुपमा काम गरिरहेको छ । घानामा अडिटर जनरलसमक्ष सार्वजनिक पदाधिकारीहरूले आफ्नो सम्पत्ति र यसको आधिकारिक स्रोतसहित खुलाएर पेस गर्नुपर्छ । युरोपियन युनियन र ओईसीडीमा संलग्न रहेका विकसित देशहरूमा सम्पत्तिको घोषणालाई अनिवार्य बनाइएको छ । घोषणा नगर्नेहरूलाई कानुनअनुसार दण्डित गरिन्छ । युक्रेनमा युरोमैदान रिभोलुसन २०१४ पश्चात् भ्रष्टाचारविरुद्धको जनदबाब तीव्र बन्यो । सरकार परिवर्तन भयो । नेसनल एन्टिकरप्सन ब्युरोजस्तो शक्ति सम्पन्न निकाय गठन गरियो । यसबाट सार्वजनिक पदाधिकारीहरूले आर्जन गरेको सम्पत्ति र तिनीहरूको स्रोत सबै छानबिन गरी सर्वसाधारण नागरिकको लागि सार्वजनिक गरिएको थियो । न्यायाधीश, सांसद र मन्त्रीहरूमाथि कडा कारबाही भएको थियो । सार्वजनिक पदाधिकारीहरूको सबै क्रियाकलापहरू पारदर्शी हुनुपर्छ र यसमा सर्वसाधारण नागरिकको सहज पहुँच कायम हुनुपर्छ भन्ने सिद्धान्तबाट प्रेरित भएर यो निकाय गठन भई कारबाही भइराखेको छ ।

यसै गरी फिलिपिन्समा तत्कालीन शासक फर्डिनान्ड मार्कोसले भ्रष्टाचार गरेर अकुत सम्पत्ति छिपाइराखेका रहेछन् । सन् १९८६ पश्चात् उक्त सम्पत्ति फिर्ता ल्याउने प्रक्रिया हालका दिनसम्म पनि जारी छ । अर्बौं डलर राष्ट्रिय कोषमा जम्मा भइसकेको स्थिति छ । सन् १९६० को दशकमा हङकङमा त्यहाँका प्रहरी प्रमुखले ठूलो भ्रष्टाचार गरी आर्जन गरेको सम्पूर्ण सम्पत्ति लिई दुईवटा जेट विमान बुक गरेर त्यही विमानमार्फत आफू र आफ्नो सम्पूर्ण नातागोता एवं परिवार लिई लन्डनमा पुगेर शरण लिएछन् । हङकङका नागरिकहरुले अत्यन्त ठूलो विरोध गरे । गभर्नरलाई कूटनीतिक माध्यमबाट पहल गरी ती प्रहरी प्रमुखलाई सम्पूर्ण सम्पत्तिसहित हङकङ नै फिर्ता गर्न बाध्य पारे । उनलाई कारागार पठाइयो । सबै सम्पत्ति जफत भयो। दक्षिण अफ्रिकामा ब्याकअप जुमाको कार्यकालमा भएको भ्रष्टाचारको छानबिन गरी सन् २०१८ मा उनीलगायत उच्च पदस्थ अधिकारीहरूको तस्कर र कालोबजारियाहरूसँग भएको मिलेमतो उजागर भएको थियो । यी यस्ता उदाहरण हुन्, जसले भ्रष्टाचारीहरूलाई कानुनको कठघरामा उभ्याउन राम्ररी सफल भएका छन् । जनताको माग र आकांक्षालाई पूर्ति गर्दै राज्यमा भएका क्रियाकलापहरूको पारदर्शिता र जवाफदेहिताको निर्वाह गराउनुपर्ने अवस्था सिर्जना गरिदिएको छ । कतिपय देशमा स्थायी रुपमा नै सम्पत्तिको घोषणा गराउने, छानबिन गर्ने, परीक्षण गर्ने स्थायी निकायकै व्यवस्था गरिएको हुन्छ । सम्पत्ति घोषणालाई अनिवार्य गराउन, जाँच, छानबिन र निगरानी कायम गरी गलत कार्यबाट आर्जन गरिएको सम्पत्ति राष्ट्रियकरण गर्न, पारदर्शिता, जवाफदेहिता र सार्वजनिक विश्वासको वातावरण सिर्जना गर्न, नीति निर्माणमा नैतिकताको सुनिश्चित गर्न, राजनीतिक आन्दोलनसँग सम्बन्धित मागलाई सम्बोधन गर्न यस्ता आयोगहरू गठन गरिन्छन् । नेपालमा गठन भएको भण्डारी आयोगको उद्देश्य पनि यही हो ।

**नेपाली सन्दर्भ :**

नेपालमा यस्ता प्रकृतिका आयोग गठन गर्ने सन्दर्भ र सम्पत्तिको छानबिन गर्ने विषय नयाँ बिल्कुल होइन । २०५८ सालमा सर्वोच्च अदालतका न्यायाधीश भैरव लम्सालजीको अध्यक्षतामा सम्पत्ति छानबिन आयोग गठन भई सरकारलाई प्रतिवेदन बुझाएर उक्त प्रतिवेदनउपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट कारबाही भइसकेको अवस्था छ । नयाँ नियुक्ति पाउने सार्वजनिक पदाधिकारीहरूले ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था कानुनले गरेको छ । भ्रष्टाचार नियन्त्रण ऐन नियमावलीमा यो विषयलाई पूरै समेटिएको छ । सोही अनुसार कारबाही पनि भइराखेको छ । यस्ता समिति वा आयोगहरुले कारबाही गर्ने अधिकार पाउँदैनन् ।

छानबिन, जाँच, परीक्षण गरी सुझाव मात्र सरकारलाई दिने हो । यसमा दण्ड गर्ने र कारबाही गर्ने अधिकार अदालतलाई मात्र हुन्छ । सम्पत्ति आर्जनको स्रोत नखुलेको अवस्थामा अधिकार प्राप्त निकाय नेपालको सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलाउने अधिकार पाएको छ । तर नेपालमा थुप्रै प्रकारका कमी-कमजोरीहरू हुने गरेको पाइन्छ । यस्ता आयोग गठन गर्दाको प्रक्रियामा र आयोगमा रहनेहरूले गरेको अनुसन्धान सुझावपश्चात् अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरिरहेका कार्यहरूको पनि प्रशस्त आलोचना र टीकाटिप्पणीहरु भएका छन् । छानबिनको क्रममा गम्भीरतापूर्वक तथ्यहरुलाई विश्लेषण नगरिएको र यो वस्तुगत नभएकोले निरपेक्षरुपमा इमानदारिताका साथ प्रतिवेदन तयार भएको आशङ्का सर्वत्र छ । यस्ता आयोगका काम-कारबाहीहरुप्रति सर्वसाधारण नागरिकको सहज पहुँच कायम हुन सकेको छैन ।

हालसम्म भएका यस्ता अध्ययनहरु, काम-कारबाहीहरुको पारदर्शिताको अभाव स्पष्ट छ । किनकि लम्साल आयोगको प्रतिवेदन सार्वजनिक गरिएन । अनुसन्धानको क्रममा व्यक्तिको बैंकमा रहेको खाता, कर तिरेको फारक गरेको प्रमाणहरु, रजिस्ट्रेसन पास गरेको कागजातहरु सबैको विस्तृत विश्लेषण र अध्ययन गर्ने कार्य निष्पक्ष र इमानदारिताका साथ नभएको आलोचना पटक-पटक हुँदै आएका छन् । सरकारको निर्णयबाट यस्ता आयोगहरू गठन भएका छन् । यिनीहरूको प्रकृति र स्वभाव विशेष गरी सरकारको आशयका आधारमा अघि बढ्ने गरी गरिआएका बारेमा पनि विश्लेषण हुँदै आएको छ । यसका अतिरिक्त सामाजिक परिवेशमा कायम रहेको व्यक्तिगत सम्बन्ध, नातागोता, इष्टमित्रका आधारमा कसैलाई बचाइदिने र कसैलाई सामान्य कमी-कमजोरी देखिँदा पनि कारबाहीका लागि सुझाव दिने गरी आएको पाइन्छ ।

समाजले स्पष्टरुपमा पहिचान गरेका ठूला-ठूला आर्थिक घोटालामा संलग्न रहेको सन्दर्भहरूलाई यस्ता आयोगहरुले छुट दिएको तर सामान्य खालका सम्पत्ति आर्जन गरेकाहरुलाई यो राडारले प्रभाव पारेको अवस्था पनि छ । सबैमा जग जाहेर छ । सरकारले आफ्नो इज्जत बचाउनका लागि पनि यस्ता आयोग गठन गर्ने गर्दछ । सरकारले नियुक्ति गरेको आयोगमा प्राय: राजनीतिक हस्तक्षेप हुने गर्दछ । राजनीतिक प्रभाव पर्नेबित्तिकै ठूला-ठूला अपराधीहरु, बिचौलियाहरु, तस्करहरू सबैले उन्मुक्ति पाउँछन् । यस अर्थमा आयोगको प्रभावकारितामा प्रश्नचिह्न खडा हुन्छ । यी सबै परिस्थितिबाट प्रभावित नभई आयोग अघि बढ्न सकेको अवस्थामा मात्र सफलता उन्मुख हुनेछ ।

**सुझावहरू :**

विकासशील देशमा अकुत सम्पत्ति आर्जन गरी भ्रष्टाचार गर्नेहरू विकसित देशहरूको तुलनामा अत्यन्त ज्यादा हुन्छन् । तर ठूला अपराधीहरुलाई सिन्डिकेट कायम गरेर उन्मुक्ति दिइन्छ । त्यसैले प्रभावकारी हुँदैन । यसलाई प्रभावकारी बनाउन युक्रेनमा जस्तो संयन्त्र नेपालले अवलम्बन गर्नु जरुरी हुन्छ । उक्त देशमा अनलाइन पब्लिक डिस्क्लोजर सिस्टम प्रयोगमा छ । यो प्रणालीले जो-कोही नागरिकले आर्जन गरेको सामान्यदेखि ठूला-ठूला सम्पूर्ण रकम र क्रियाकलापलाई घोषणा गर्नुपर्ने हुन्छ । नगरेमा कडा कारबाही हुन्छ । अनुगमन र निगरानी गर्न यो प्रणाली अत्यन्त सक्षम छ । गलत विवरण कसैले प्रस्तुत गरेमा शीघ्र कडा कारबाही हुन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# क्यानलाई कारबाही अगाडि बढाउने निर्देशनको पत्र मन्त्रालयमै फर्कियो

काठमाडौं/नेपाल क्रिकेट संघ (क्यान) लाई अन्तिम पटक स्पष्टीकरण सोधी कारबाही अगाडि बढाउने शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले १४ वैशाखमा मन्त्रीस्तरीय निर्णय गरे । सोही निर्णय कार्यान्वयनका लागि मन्त्रालयले सोही दिन निर्देशनसहितको पत्र राष्ट्रिय खेलकुद परिषद् (राखेप) लाई पठायो ।




पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) को छानबिनका क्रममा क्यानले सहयोग नगरेको ठहरसहित मन्त्रालयले कारबाही अगाडि बढाउन राखेपलाई निर्देशन दिएको हो । तर, राखेपले क्यानलाई कारबाहीको पत्र कार्यान्वयन गर्नुको सट्टा उक्त पत्र फेरि मन्त्रालयमै फर्काइदिएको छ ।

मन्त्रालयको पत्रमा अलमल भएको भन्दै राखेपले बिहीबार थप खुलाएर पठाउनसमेत पत्राचार गरेको हो । 'राखेपको कार्यकारी सदस्यको नेतृत्वमा बनेको समितिको प्रतिवेदन हामीसँग छ । तर, मन्त्रालय स्वयंले गठन गरेको समितिको प्रतिवेदन छैन । थोरै अलमल भएकाले यसमा के हो त भनी खुलाइदिई निर्देशन पाऊँ भनेर पत्र पठाएका हौं,' राखेप स्रोतले भन्यो ।

निर्देशनात्मक पत्र पठाएको मन्त्रालयले अख्तियारबाट आएको पत्र भने पठाएको छैन । 'मन्त्रालयले निर्देशन दिएपछि क्यानलाई नपठाउने भन्ने कुरा भएन । तर, त्यसमा स्पष्ट (क्लियर) भएन,' स्रोत भन्छ । राखेप सदस्यसचिव रामचरित्र मेहताले प्राविधिक कारणले पत्र मन्त्रालयमै फर्काइएको जानकारी दिए । 'उहाँहरूको पत्रमा प्राविधिक कारण थियो । त्यही भएर फर्काएको हो,' उनले भने ।

मन्त्रालयका सूचना अधिकारी जगदीश पराजुलीले मन्त्रिस्तरीय निर्णयअनुसार राखेपलाई क्यानसँग कागजपत्र मागेर छानबिन गर्नु भनी पत्र पठाएको जानकारी दिए । 'छानबिन गर्ने कुराहरू अगाडि बढ्न नसकेर रोकिराखेको थियो । राखेपलाई उनीहरूसँग कागजपत्र मागेर छानबिन गर्नु भनेको थियो । राखेपमा त्यही प्रकृतिको उजुरी अख्तियारले तामेलीमा राखिसकेको भन्ने पत्र आएको रहेछ,' उनी भन्छन्, 'उजुरी फरक-फरक छन् । मन्त्रालयबाट भइरहेको छानबिन फरक हो । त्यही प्रकृतिको उजुरी तामेलीमा राखिसकेकोले के-कसो गरौं भनेर राखेपबाट पत्र आएको छ ।'

अब मन्त्री पोखरेलसँग छलफल गरेर निर्णय लिने सूचना अधिकारी पराजुलीले बताए । उनी भन्छन्, 'मन्त्रालयबाट केही निर्णय भएको छैन । मन्त्रीज्यूसँग सल्लाह गरेर र मन्त्रालयमा छलफल गरेर केही टुङ्गो लाग्ला ।'

राखेपले क्यानको उजुरी अख्तियारले तामेलीमा गएको भनेर जवाफ फर्काएपनि मन्त्रालयले भने राखेपको उजुरी र मन्त्तालयले छानविन गरेको उजुरी फरकफरक रहेको दाबी गरेको छ । एनपीएलको छानबिन अझै अपुरो क्यानको आयोजनामा भएको पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) को आयोजनादेखि नै सम्झौता, पारदर्शीता लगायतका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा विभिन्न उजुरी परेका थिए ।

नेपालको खेलकुद तथा विज्ञापन कानुनको उल्लंघन भएको र विदेशी कम्पनीलाई भित्र्याउँदा पूरा गर्नुपर्ने विभिन्न कानूनी प्रक्रियाहरूलाई बेवास्था गरेको, सार्वजनिक खरिद ऐनको उल्लघंन गरेको भन्दै क्यानविरुद्ध उजुरी परेको थियो । ७ पुस २०८१ र १२ फागुन २०८१ मा परेको उक्त उजुरीपछि छानबिनका लागि अख्तियारले मन्त्रालय र राखेपलाई पत्र पठायो ।

सोहीअनुसार राखेपले १३ चैत २०८१ मा तत्कालीन बोर्ड सदस्य अञ्जन धमलाको संयोजकत्वमा छानबिन समिति गठन गर्‍यो । तर, उक्त समितिले प्रतिवेदन बुझाउन नपाउँदै तत्कालीन खेलकुद मन्त्री तेजुलाल चौधरीले ११ जेठमा अर्को समिति गठन गरे । राखेपका तत्कालीन कार्यकारी सदस्य रञ्जना प्रधानको नेतृत्वमा गठित समितिले छानबिन गरी प्रतिवेदन मन्त्रालयलाई बुझायो । सो समितिले खरिद ऐन, सार्वजनिक सूचना प्रकाशित गरी स्वस्थ प्रतिस्पर्धा नहुने अवस्था किन सृजना भएको, स्वदेशी प्रसारण कर्ता कम्पनीहरूलाई प्रतिस्पर्धामा आउन नसक्ने गरी किनसङ्कुचित क्राइटेरिया बनाई सिन्डिकेट कायम गर्न मिल्छ जस्ता प्रश्नहरु सोध्दै क्यानलाई पत्र पठाएको थियो । तर, क्यानले आवश्यक कागजपत्र र जवाफ नफर्काएको कार्यदलको निष्कर्ष थियो । अपारदर्शिशितताका कारण क्यानले उपयुक्त जवाफ नदिएको हुन सक्ने उक्त कार्यदलको दाबी थियो ।

त्यसपछि तत्कालीन मन्त्री चौधरीले मन्त्रालयका तत्कालीन सहसचिव रामचरित्र मेहताको नेतृत्वमा गत ५ भदौमा उच्चस्तरीय समिति गठन गरे । २३ र २४ भदौमा जेनजी आन्दोलन भएपछि सरकार ढल्यो र समितिले पनि काम गर्न पाएन । 'बैठक बोलाएकै दिन आन्दोलन भयो । त्यसपछि समितिको म्याद पनि सकियो । सरकार पनि परिवर्तन भयो,' मेहता भन्छन् । त्यसपछि रोकिएको फाइल नयाँ मन्त्री आएसँगै अगाडि बढाइएको हो ।

वैशाख १४ मा भएको मन्त्रिस्तरीय निर्णयले क्यानले खेलकुद विकास ऐन, २०७७ को दफा २८ को खण्ड 'च' र 'ड' को व्यवस्था पालना नगरेको ठहर गरेको छ । संघले पालना गर्नुपर्ने व्यवस्था रहेको दफा २८ अन्तर्गत खण्ड 'च' मा मन्त्रालय तथा परिषद्बाट लेखा तथा स्रेस्ताको जाँचबुझ गर्दा सोसम्बन्धी अभिलेख उपलब्ध गराउने र खण्ड 'ड' मा मन्त्रालय, परिषद् तथा समितिले समय-समयमा दिएको निर्देशन वा निर्धारण गरेका सर्तको पालना गर्ने व्यवस्था छ ।

स्रेस्ता जाँचबुझ गर्न अख्तियारबाट १६ मङ्सिर २०८१ र २१ फागुन २०८१ मा मन्त्रालयलाई पत्र पठाएको थियो । उक्त पत्रअनुसारका उजुरीहरूको छानबिन गरी कारबाही किनारा नलागी अनिर्णीत छ । जसका कारण क्यानलाई ऐनको दफा २९ बमोजिम निलम्बन गर्नेसम्मको कारबाही गर्नुपर्ने देखिएको मन्त्रालयको पत्रमा उल्लेख छ ।

अख्तियारको पत्रबमोजिमको जवाफ र आवश्यक कागजातसमेत प्राप्त नभए किन कारबाही नगर्ने भनी अन्तिम पटक चेतावनीसहित सर्त पालन गर्न निर्देशनसहितको स्पष्टीकरण सोधी जवाफ माग गरी आवश्यक कारबाही अगाडि बढाउन समेत मन्त्रालयले निर्देशन दिएको हो । मन्त्रालयले भनेअनुसार राखेपले कारबाही अगाडि बढाएमा क्यान निलम्बनमा पर्ने खतरा हुन जान्छ । निलम्बनलमा परेमा पछिल्लो समय एकपछि अर्को फड्को मारेको नेपाली क्रिकेटले धराशायी हुन्छ नै । थप आईसीसीबाट प्रतिबन्धमा पर्ने खतरासमेत बढ्न जान्छ ।

पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) १५ मङ्सिरदेखि ६ पुस २०८१ सम्म भएको थियो । दोस्रो संस्करण सकेर तेस्रो संस्करणको तयारी गर्दै गर्दा पहिलो संस्करणको छानबिन सकिएको छैन । विवादका कारण क्यानले प्रतियोगिता सकिएको १६ महिनापछि मात्रै आयव्यय विवरण साधारण सभाबाट पारित गरेको हो ।

(स्रोत: अनलाइनखबर)

# थाहानगर प्रथम सजिनालाई ५५ हजारसहित सम्मान




साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/थाहा नगरपालिका-४ शिखरकोटस्थित हिमालयन इङ्लिस बोर्डिङ स्कुलले एसईई २०८२ मा थाहा नगर पालिकामै प्रथम हुन सफल छात्रा सजिना रायमाझीलाई सम्मान गरेको छ ।

विद्यालयले विद्यालय परिसरमा विशेष कार्यक्रम आयोजना गरी उत्कृष्ट नतिजा ल्याएर नगर प्रथम बनेकी रायमाझीलाई कदर पत्र तथा नगद ५५ हजार ५ सय रुपैयाँसहित सम्मान गरेको विद्यालयका प्रधानाध्यापक बाबुलाल कार्कीले जानकारी दिए । विद्यालयबाट २०७९ सालको एसइइ परीक्षामा छात्रतर्फ नगर प्रथम बनेकी तथा हाल नेपाल सरकार चिकित्सा शिक्षा आयोगअन्तर्गत बीएसएन शैक्षिक कार्यक्रममा बंगलादेशस्थित युबिएटि विश्वविद्यालयमा छात्रवृत्तिमा नाम निकाल्न सफल निरुता रायमाझीलाई पनि सम्मान गरिएको थियो ।

सम्मानित विद्यार्थीलाई विद्यालयका अध्यक्ष पुरुषोत्तम कार्की तथा निर्देशक सानोभाइ कार्कीले सम्मानपत्र, दोसल्ला तथा मायाको चिनोसहित सम्मान गरेका थिए । कार्यक्रममा निर्देशक कार्कीले विद्यार्थीको लगनशीलता, शिक्षकको मेहनत र अभिभावकको त्यागबाट मात्रै उत्कृष्ट नतिजा सम्भव हुने उल्लेख गर्दै सफल विद्यार्थीको उज्ज्वल भविष्यको शुभकामना व्यक्त गरे । उत्कृष्ट विद्यार्थीका अभिभावकलाई समेत दोसल्ला ओढाएर सम्मान गरिएको थियो भने सम्मानित विद्यार्थीलाई शिखरकोट बजार परिक्रमा गराई उत्साहपूर्ण स्वागत गरिएको थियो ।

कार्यक्रममा शिक्षक, विद्यार्थी, एसइइ उत्तीर्ण विद्यार्थी तथा अभिभावकको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# गजल मञ्च मकवानपुरको २३६ औं गजलयात्रा सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/गजल मञ्च मकवानपुरको आयोजनामा २३६ औं गजलयात्राको अवसरमा विशेष गजलवाचन तथा गजललेखन कार्यशाला सम्पन्न भएको छ ।

ज्ञानोदय बालबालिका आवासीय माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा गजल मञ्च मकवानपुरका उपाध्यक्ष हरिप्रसाद पौड्यालको सभाध्यक्षता रहेको थियो । कार्यक्रममा साहित्यकार डा. निमेष निखिल प्रमुखअतिथि तथा गीतकार एवं गजलकार श्यामकुमार बानियाँ विशिष्ट अतिथिकारुपमा सहभागी रहेका थिए । मञ्चका सल्लाहकार, पूर्व अध्यक्षहरु, मकवानपुरमा क्रियाशील विभिन्न साहित्यिक संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधि, गजलकार, गजल अनुरागी र साहित्यिक व्यक्तित्वको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रममा गजल मञ्च मकवानपुरका सल्लाहकार देवराज तिवारी, साहित्य संगम मकवानपुरका पूर्वउपाध्यक्ष सानु खनाल तथा कवि एवं गजलकार पुरुषोत्तम आचार्यले गजलवाचन गर्दै विद्यालयका विद्यार्थीलाई शुभकामना व्यक्त गरेका थिए । विशेषअतिथि बानियाँ तथा प्रमुखअतिथि डा. निखिलले मन्तव्य व्यक्त गर्दै कार्यक्रमको सफलताको कामना गरेका थिए । कार्यक्रम दुईचरणमा सञ्चालन गरिएको थियो भने उद्घाटन सत्रको समापन सभाध्यक्ष पौड्यालले गरेका थिए । कार्यक्रमको सहजीकरण संस्थाका सचिव कमल नेपालले गरेका थिए भने गजल मञ्च मकवानपुरका पूर्वअध्यक्ष केशव सुवेदी समर्पणले गजललेखन कार्यशाला सञ्चालन गरेका थिए ।

# अझै सहज भएन चिया निर्यात, प्रधानमन्त्रीले नै हस्तक्षेप गर्नुपर्ने व्यवसायीको माग

काठमाडौं/विगत दुई सातादेखि नेपालबाट भारततर्फ हुने चिया निर्यात पूर्णरूपमा ठप्प छ । भारतीय चिया बोर्डले १८ वैशाखदेखि लागु हुने गरी भारत आयात हुने चियामा नयाँ 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिजर' (एसओपी) जारी गरेपछि सिमानामा अवरोध कायमै छ । नयाँ निर्देशिका अनुसार भारत प्रवेश गर्ने नेपाली चियाको प्रत्येक ट्रक र खेपको छुट्टाछुट्टै प्रयोगशाला परीक्षण (ल्याब टेस्ट) अनिवार्य गरिएपछि नेपाली चिया उद्योगी, व्यवसायी र किसानहरू ठूलो मारमा परेका छन् ।

नेपालको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र नयाँदिल्ली स्थित नेपाली दूतावासमार्फत निरन्तर कूटनीतिक पहल भइरहे पनि हालसम्म कुनै निष्कर्ष निस्किएको छैन । व्यवसायीहरूका अनुसार नेपाली दूतावासले भारतको वाणिज्य मन्त्रालय र भारतीय चिया बोर्डका अधिकारीहरूसँग नियमित संवाद गरी भारतलाई अवरोध खुलाउन आग्रह गरेको थियो । तर, पनि भारतीय पक्षले आफ्नो नयाँ निर्देशिकालाई देखाउँदै तत्काल पुरानै अवस्थामा निर्यात सुरु गर्न मानेको छैन ।

कूटनीतिक र प्रशासनिक तहबाट भइरहेका यी प्रयासले सार्थकता नपाएपछि नेपाली चिया उद्योगी, व्यवसायी र किसानहरूमा अन्योल सिर्जना भएको छ । मन्त्रालय र दूतावास मार्फत भइरहेका कूटनीतिक तथा पशासनिक प्रयासहरू निष्कर्षविहीन बनेपछि चिया व्यवसायीले अवरोध खुलाउन प्रधानमन्त्री स्तरबाटै प्रत्यक्ष हस्तक्षेप हुनुपर्ने माग गरेका छन् ।

यस्ता समस्या आउँदा तत्कालीन प्रधानमन्त्रीहरूले सिधै भारतीय समकक्षीलाई फोन गरेर तत्काल अवरोध खुलाएको स्मरण गर्दै अहिले पनि सोही प्रकृतिको उच्चस्तरीय राजनीतिक संवाद आवश्यक रहेको उनीहरू बताउँछन् । तल्लो तहको कूटनीतिक पहलले मात्रै भारतले खडा गरेको नयाँ झमेला नसुल्झिने निष्कर्ष निकाल्दै व्यवसायीहरूले नेपालको प्रमुख निर्यातयोग्य कृषि उपजको बजार जोगाउन वर्तमान प्रधानमन्त्री बालेन्द्र शाहबाटै तत्काल ठोस र प्रत्यक्ष पहल हुनुपर्ने उनीहरूको माग छ ।

यसअघि एउटा नमुना परीक्षण रिपोर्टले १५ दिनसम्म वा १० वटा ट्रकलाई मान्यता दिने गरिएको थियो । तर, भारतले पुरानो व्यवस्था खारेज गर्दै अहिले ट्रकपिच्छे ११ हजार १ सय २० भारतीय रुपैयाँ (भारु) शुल्क तिरेर नमुना परीक्षण गर्नुपर्ने र त्यसको रिपोर्ट आउन कम्तीमा दुई साता कुर्नुपर्ने झन्झटिलो र खर्चिलो प्रावधान लागु गरेको छ । भारतीय पक्षको यो कडा नीतिका कारण विगत आधा महिनादेखि निर्यात रोकिएको नेपाल चिया उत्पादक संघका वरिष्ठ उपाध्यक्ष शिवकुमार गुप्ताले बताए ।

उनका अनुसार यो अवधिमा भारतीय क्रेता (बायर) ले आफ्नै जोखिममा अत्यन्तै न्यून परिमाणमा (तराईको करिब १०-१२ टन र पहाडको ४-५ टन) गरी जम्मा दुई गाडी चियामात्र लगेका छन् । 'चियाको सिजन भर्खर सुरु हुँदैछ, त्यसैले अहिले नै ठूलो व्यावसायिक क्षति भइसकेको छैन,' वरिष्ठ उपाध्यक्ष गुप्ताले भने, 'तर, पानी राम्रो परेकाले अबको साता दश दिन भित्रै चियाको उत्पादन ह्वात्तै बढ्छ, यदि उक्त अवधिसम्म पनि निर्यात खुलेन भने उद्योगी र किसानले भण्डारण अभावमा थेग्नै नसक्ने नोक्सानी बेहोर्नुपर्ने स्थिति आउँछ ।'

यस्तै नेपाल टी एसोसिएसन अध्यक्ष कमल मैनालीले भारतको नयाँ नियमले व्यवसायीको जोखिम अचाक्ली बढाएको बताए । १५ दिनसम्म सीमामा माल रोकिँदा चियाको गुणस्तर बिग्रिने जोखिम त छ नै, यदि चिया ल्याब टेस्टमा फेल भए त्यसलाई नष्ट गर्नुको विकल्प नरहेको उनको भनाइ छ । 'रिपोर्ट नआइ बेच्न पाइँदैन, यदि ल्याब टेस्टमा चिया फेल भयो भने नेपाल नै फिर्ता ल्याउँछु भन्न पनि सरकारको नियमले दिँदैन,' अध्यक्ष मैनालीले भने, 'फिर्ता ल्याउनै परे ४० प्रतिशत भन्सार र १३ प्रतिशत भ्याट तिर्नुपर्छ, यस्तो अवस्थामा व्यवसायीले ठूलो आर्थिक क्षति बेहोर्नुपर्ने हुन्छ ।'

समस्या कूटनीतिक र प्रशासनिक तहबाट मात्र समाधान नहुने देखिएकाले उनले उच्च राजनीतिक हस्तक्षेपको माग गरे । 'विगतमा यस्तो समस्या झेल्नुपर्ने अवस्थामा पूर्वप्रधानमन्त्रीहरू गिरिजा प्रसाद कोइराला र पुष्पकमल दाहाल लगायतले सिधै भारतीय समकक्षीलाई फोन गरेर अवरोध खुलाएका थिए,' उनले भने, 'अब वर्तमान प्रधानमन्त्री बालेन्द्र शाहज्यूले पनि त्यस्तै उच्चस्तरीय पहल गरेर चिया निर्यात सम्बन्धी समस्या दीर्घकालीन रूपमै समाधान हुने गरी पहल गर्नुपर्छ ।'

भारतले चिया निर्यातमा गर्दै आएको यो झमेला निरन्तर दोहोरिने नियति भएको भन्दै वैकल्पिक बजार खोज्नुपर्नेमा उनको जोड छ । 'हाम्रो चियालाई भियतनाम र केन्याको जस्तै एउटै बास्केटमा राखेर हेर्नु हुँदैन,' उनले भने, 'भारतले झमेला गरिरहने हो भने सरकारले तराईको सीटीसी चियाका लागि पाकिस्तान वा मध्यपूर्व र पहाडको अर्थोडक्स चियाका लागि युरोप, अमेरिका, रुसजस्ता देशमा बजार खोजिदिनुपर्छ ।'

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका निर्देशक तथा प्रवक्ता दीपक खनालले चिया निर्यातमा देखिएको समस्या समाधानका लागि दुई दिन अघिमात्र वाणिज्य मन्त्रालयका सचिव कृष्णबहादुर राउत सहित इलाम, झापा र काठमाडौंका करिब ३० जनाभन्दा बढी चिया व्यवसायी र विभिन्न ८ वटा एसोसिएसनका प्रतिनिधिसँग छलफल भएको बताए ।

(स्रोत: अनलाइनखबर)

# अमेरिकाविरुद्ध ओपनिङ जोडीको कमाल

काठमाडौं/आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत शनिबार भएको खेलमा अमेरिकाविरुद्ध नेपालले शानदार जित निकाल्यो । लिग-२ मा बलियो देखिएको अमेरिका विरुद्ध नेपाल शनिबार खम्बा बनेर उभियो । अमेरिकामाथि जित निकाल्दा नेपालको टप अर्डर ब्याटिङ शानदार रह्यो । पछिल्लो समय टाउको दुखाई बन्दै आएको टपअर्डर ब्याटिङले शनिबार भने आश फर्काउन सफल भयो ।

पछिल्लो समय ओपनिङ सहित टपअर्डर फ्लप हुँदा नेपाल धेरै खेलमा पराजित हुँदै आएको छ । लिग-२ अंकतालिकामा पुछारबाट दोस्रो स्थानमा रहेको नेपालको टपअर्डर ब्याटिङ लामो समयदेखि धरासायी बन्दै आएको छ । त्यसकारण पनि नेपालले नयाँ खेलाडीको प्रयोग गर्दै आएको छ । केही दिनअघि मात्रै भएको नेपाल-ओमन-यूएई सिरिजको पहिलो दुई खेलमा आसिफ शेख र कुशल भुर्तेलले ओपनिङ गरेका थिए । दुवै खेलमा सुरुवात राम्रो हुन सकेन । पहिलो खेलमा ८ रन जोड्दा पहिलो विकेट गुमाएको नेपालले दोस्रो खेलमा एक रनमै पहिलो विकेट गुमाउन पुग्यो ।

त्यसपछि तेस्रो खेलमा ओपनिङ जोडी परिवर्तन भयो । तेस्रो खेलमा यूएईविरुद्ध विनोद भण्डारी र अर्जुन कुमालले ओपनिङ गरे । उक्त खेलमा २५ रनमा नेपालले पहिलो विकेट गुमायो । चौथो खेलमा पनि ओपनिङ जोडी परिवर्तन भयो । विनोद र आसिफले चौथो खेलमा ओपनिङ गरे । आसिफले राम्रो ब्याटिङ गरेपनि विनोद कुनै पनि रन नजोडी आउट हुन पुगे ।

त्यसपछि अहिले भइरहेको सिरिजको पहिलो खेलमा स्कटल्याण्ड विरुद्ध पनि विनोद र आसिफले नेपालको ओपनिङ गरे । तर, उनीहरु पनि सफल भएनन् । दोस्रो खेलमा अमेरिकाविरुद्ध नेपाल पुरानै ओपनिङ जोडीलाई ओपनिङको रुपमा खेलाउन बाध्य भयो ।

विकल्पविहीन हुँदै पुरानै जोडीलाई ओपनिङ गराएको नेपालको लागि यो खेलमा भने कुशल-आसिफ जोडीले पुन: एकपटक ओपनिङ जोडी मजबुत रहेको सन्देश दियो । अमेरिकाविरुद्ध ओपनर कुशल र आसिफले १४५ रनको ओपनिङ साझेदारी गरे । जुन नेपालको जितको आधार बन्यो । कुशलले उत्कृष्ट अविजित शतक प्रहार गर्दा आसिफ ५८ रन बनाएर आउट भए ।

त्रिवि क्रिकेट मैदानमा अमेरिकाले दिएको १९६ रनको लक्ष्य पछ्याएको नेपालले ३७ ओभरमै भेट्टायो । नेपालका लागि ओपनर कुशलले ११८ बलमा १२० रनको अविजित शतकीय इनिन्स खेले । उनले १३ चौका र ४ छक्का प्रहार गरे । यो कुशलको व्यक्तिगत उच्च स्कोर र ओडीआईमा दोस्रो शतक हो । यसअघि उनले सन् २०२३ मा नामिबियाविरुद्ध शतक प्रहार गरेका थिए । आफ्नो प्रदर्शनबारे कुशल भन्छन्, 'टपअर्डरले राम्रो सुरुवात दिइराखेको थिएन । आज आसिफ र मैले सुरुवात राम्रो दिँदाखेरि खुसी लागेको थियो, आफ्नो शतकभन्दा पनि ।'

कुशल र आसिफको अमेरिकाविरुद्धको साझेदारी ओडीआई ओपनिङमा नेपालले गरेको दोस्रो सबैभन्दा ठूलो साझेदारी हो । पहिलो ठूलो साझेदारी कुशल-आसिफ जोडीले सन् २०२३ मा जिम्बाब्वे विरुद्ध १७१ रनको साझेदारी गरेका थिए । यो जोडीले ओडीआईमा नेपालका लागि हालसम्म ४ शतकीय ओपनिङ साझेदारी गरेका छन् ।

अमेरिकाविरुद्ध अर्का ओपनर आसिफ ७२ बलमा ५८ रन बनाएर आउट हुँदा डेब्यु गरेका इसान पाण्डे ३० बलमा २० रन बनाएर अविजित रहे । एउटा गएपछि अर्को पनि गइहाल्ने समस्यालाई डेब्यु म्यान इसानले रोक्न सफल भए ।

(स्रोत: अनलाइनखबर)

# 'एक मुठ्ठी बादल': आँचलको अभिनयले प्राण भरेको फिल्म

काठमाडौं/अभिनेत्री आँचल शर्माको करिअरले गत अप्रिलमा एक दशक पूरा गरिसकेको छ । सन् २०१६ मा प्रदर्शन भएको फिल्म 'नाइँ नभन्नू ल ४'बाट उनले अभिनय यात्राको श्रीगणेश गरेकी थिइन् । यसपछि उनले करिअर पछाडि फर्केर हेर्नुपरेको छैन । तर, हरेक फिल्ममा उनी अभिनयको आलोचनाबाट भने मुक्त हुन सकेकी थिइनन् । प्राय: फिल्ममा त उनको अभिनय नै 'आउड' हुन्थ्यो ।

एक दशकदेखि भइरहेको अभिनयको आलोचनाबाट अब भने आँचलले ठूलो राहत पाएकी छन् । शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'एक मुठ्ठी बादल'मार्फत उनले आफूलाई अभिनयमा अब्बल सावित गरेकी छन् । यस फिल्ममा घरकी माइली छोरीको भूमिकामा देखिएकी उनले त्यो पात्रको मनोविज्ञानलाई अभिनयमार्फत जीवन्त रूपमा प्रस्तुत गरेकी छन् ।

अघिल्ला फिल्महरूमा उनको मुख्य समस्या 'डाइलग डेलिभरी'मा देखिन्थ्यो । उनले संवाद बोल्दा किताब पढेजस्तो भान हुन्थ्यो । 'एक मुठ्ठी बादल'मा भने उनको त्यो कमजोरी दोहोरिएको छैन । फिल्ममा उनले बोल्ने संवाद स्वभाविक लाग्छन् । उनको मौन अभिनय फिल्मको अर्को सशक्त पक्ष हो । थुप्रै दृश्यमा उनले पात्रको मनोदशालाई अनुहारको भावभङ्गीमार्फत प्रस्तुत गरेकी छन् ।

सहारा शर्माको निर्देशनमा बनेको यो फिल्मको मूल कथा नै आँचलमा केन्द्रित छ । उनको विवाहलाई केन्द्रमा राखेर कथा बुनिएको छ । तर, उनको पात्र विवाहदेखि खुसी छैन । परिवारको इज्जत र डरका कारण विद्रोह गर्ने आँट पनि छैन । यस्तो अवस्थामा एक युवतीको मनभित्र चल्ने अन्तर द्वन्द्वलाई आँचलले प्रभावशाली रूपमा पर्दामा उतारेकी छन् ।

उनको अभिनयको प्रशंसा गत बुधबार काठमाडौंमा आयोजित प्रिमियर शोमा पनि भएको थियो । निर्देशक ज्ञानेन्द्र देउजादेखि अभिनेता महेश त्रिपाठीसम्मले उनको अभिनयलाई 'सरप्राइज प्याकेज'को संज्ञा दिएका थिए ।

फिल्म प्रदर्शन भएसँगै दर्शकहरूले पनि उनको अभिनय रुचाएका छन् । यसरी हेर्दा यो फिल्मले उनलाई करिअरमा बलियो 'ब्रेकथ्रु' दिलाउने देखिन्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# ८ वर्षपछि इन्द्रसरोबर तालको सरसफाई

साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिका स्थित मार्खुमा रहेको नेपालको सबैभन्दा ठूलो जलाशयका रुपमा परिचित इन्द्रसरोवर ताल वरिपरि बृहत सरसफाइ गरिएको छ ।

करिब आठ वर्षपछि सञ्चालन गरिएको बृहत् सरसफाइ अभियानबाट तीन ट्रकभन्दा बढी फोहर संकलन गरिएको मत्स्य विकास केन्द्र कुलेखानीले जनाएको छ । पर्यटकीय क्षेत्रबाट संकलित फोहरमध्ये प्लाष्टिकजन्य र सिसाजन्य सामग्री छुट्याइएको छ । मानव निर्मित इन्द्रसरोवर तालक्षेत्रमा आउने आन्तरिक पर्यटकले जथाभावी फाल्ने पानीका बोतल, मदिराका सिसा तथा चाउचाउ, चिप्सलगायतका खानेकुराका प्लाष्टिकजन्य फोहरका कारण इन्द्रसरोवर क्षेत्र प्रदूषित बन्दै गएको थियो । ताल वरपर फालिएको फोहरले पर्यटकीय सौन्दर्यसँगै जलीय वातावरणसमेत प्रभावित भएको स्थानीयले बताएका छन् ।



मत्स्य विकास केन्द्रका कर्मचारी, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, गाउँपालिका कर्मचारी, नेपाल विद्युत् प्राधिकरणका कर्मचारी, इन्द्रसरोवर मत्स्य व्यवसायी संघ मार्खु, इन्द्रसरोवर डुंगा संघ मार्खु तथा स्वास्थ्यचौकीका कर्मचारीको संयुक्त सहभागितामा ताल वरपर र मार्खुक्षेत्रमा सरसफाइ गरिएको हो । करिब तीन सय जनाको सहभागितामा सरसफाइ कार्यक्रम सञ्चालन गरिएको थियो । मत्स्य विकास केन्द्र कुलेखानीका प्रमुख तथा मत्स्य विकास अधिकृत भीमदत्त भट्टले कुलेखानी क्षेत्रमा करिब आठ वर्षपछि बृहत सरसफाइ गरिएको जानकारी दिए । उनकाअनुसार केन्द्रले वैशाख ११ गते नै सरसफाइ गर्ने निर्णय गरेअनुसार कार्यक्रम गरिएको हो ।

सरकारको सप्ताहव्यापी सरसफाइ अभियानसँग एकै समयमा परेकाले संयुक्तरुपमा बृहत सरसफाइ गरिएको उनले बताए । अब प्रत्येक शुक्रबार कार्यालय परिसर तथा इन्द्रसरोवर ताल परिसरमा नियमित सरसफाइ गतिविधि सञ्चालन गर्ने निर्णय गरिएको उनको भनाइ छ । सरसफाइका क्रममा ताल वारि र पारिसम्म डुंगाबाट पुगेर फोहर संकलन गरिएको अधिकृत भट्टले जानकारी दिए । पर्यटकीय क्षेत्र तथा ताल परिसरमा बढ्दो फोहरका कारण जलचर प्राणीसमेत प्रभावित भएको भन्दै उनले चिन्ता व्यक्त गरे । डस्टबिनबाहेक अन्यत्र फोहर फाल्नेलाई जरिवाना गर्ने सम्बन्धमा सूचना जारी गर्ने तयारी भएको उनले बताए ।

प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्र हेटौंडाका प्रमुख सरोजकुमार यादवले स्थानीयले खेतीपातीका क्रममा प्रयोग गर्ने रासायनिक मल र विषादि बगेर कुलेखानीमा मिसिँदा माछाको उत्पादन घट्दै गएको बताए । उनले स्थानीय जातका माछाको भुरा उत्पादन तथा अन्य माछाको संख्या घट्दै गएकोमा चिन्ता व्यक्त गरे । 'पछिल्लो समय पानीको गुणस्तर बिग्रँदै गएको छ । फोहरका कारण माछाको वृद्धि विकासमा नकारात्मक असर परेको छ,' उनले भने, 'पानीमा फोहर मिसिँदा रासायनिक गुण बिग्रिएको छ ।' रासायनिक मल, विषादि तथा तालमा जथाभावी फालिने फोहरले पानी प्रदूषित हुँदा त्यसको असर माछा हुँदै मानवस्वास्थ्यमा समेत पर्ने उनले बताए ।

मत्स्य विकास केन्द्र कुलेखानी मकवानपुरका प्रमुख भट्टको नेतृत्वमा कार्यालयका कर्मचारी, भैरवगण चनवनका सेनानी मिलनकुमार जोशी तथा सहसेनानी फत्तनारायण श्रेष्ठको नेतृत्वमा १५५ जनाको टोली, नं. ३ राजदल गण क्युबेक ब्याट्री कुलेखानीका सहसेनानी अर्जुन परियारको नेतृत्वमा ३५ जनाको टोली, सशस्त्र प्रहरी बल विपद् व्यवस्थापन बेस कुलेखानीका सहायक प्रहरी निरीक्षक युवराज कार्कीको नेतृत्वमा ३५ जनाको टोली, इन्द्रसरोवर गाउँपालिका-१ का कर्मचारी, नेपाल विद्युत् प्राधिकरण प्रथम जलविद्युत् आयोजना मार्खु शाखा, पालुङ वितरण केन्द्र तथा फ्युजशाखा मार्खुका कर्मचारी, अस्थायी प्रहरी बिटका इन्चार्ज प्रहरी सहायकनिरीक्षक दिपेश यादव, इन्द्रसरोवर मत्स्य व्यवसायी संघ मार्खु, इन्द्रसरोवर डुंगा संघ मार्खु तथा स्वास्थ्यचौकीका कर्मचारीको सहभागितामा बृहत सरसफाइ कार्यक्रम सञ्चालन गरिएको हो ।

# निर्माण व्यवसायीलाई करीब १० अर्बको नोक्सानी



साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/निर्माण व्यवसायीले निर्माण सामग्रीमा पछिल्लो समय भएको अप्रत्याशित एवं अत्यधिक मूल्यवृद्धिका कारण ठप्पभई निर्माण उद्योग धराशायी भई मुलुकको समग्र अर्थतन्त्रमा नै प्रतिकूल प्रभाव परेको बताएका छन् ।

निर्माण व्यवसायी संघ मकवानपुरले जिल्लास्थित सरकारी कार्यालयमा धर्नासहित ज्ञापनपत्र बुझाउँदै संघले निर्माण सामग्रीमा भएको मूल्यवृद्धिको यसअवधिमा निर्माण व्यवसायीलाई करीब १० अर्ब रुपैयाँको नोक्सानी भइसकेको जनाएको छ । संघका मकवानपुर अध्यक्ष बालगोपाल कंडेलले मुलुकको आर्थिक गतिविधिलाई चलायमान बनाउन सबैभन्दा महत्वपूर्ण भूमिका निर्वाह गर्ने निर्माण उद्योगले प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा २० लाखभन्दा बढीलाई रोजगारी प्रदान गर्दै आएको बताए ।

उनले निर्माण उद्योगमा प्रयोग हुने डिजेल, मट्टितेल, बिटुमिन सहितका विविध निर्माण सामग्री, ढुवानीखर्च तथा श्रमिकलागतमा अस्वभाविक वृद्धि हुँदा निर्माण उद्योग ठप्प हुने स्थितिमा पुगेको भन्दै सबै किसिमका ठेक्कामा मूल्य समायोजनको व्यवस्था गर्न सरकारसँग माग गरेको बताए । मुलुकको कुलग्राहस्थ उत्पादनमा १३ प्रतिशतसम्म योगदान र सरकारले विनियोजन गर्ने बजेटमध्ये पूँजीगत खर्चको झण्डै ८० प्रतिशत खर्च गर्ने उद्योगको रुपमा रहेको निर्माण उद्योग निर्माण सामग्रीमा भएको अप्रत्याशित एवं अत्यधिक मूल्यवृद्धिका कारण ठप्प हुँदा निर्माण उद्योग धराशायी भई मुलुकको समग्र अर्थतन्त्रमा नै प्रतिकूल प्रभाव परेको संघको ठहर छ ।

मध्यपूर्वको युद्धअघि डिजेल प्रतिलिटर १३९ रहेकोमा हाल प्रतिलिटर २२५ र बिटुमिनको मूल्य प्रतिकेजी ७५ बाट १५५ पुगिसकेको भन्दै सबै किसिमका ठेक्कामा मूल्य समायोजनको व्यवस्था गर्न सरकार समक्ष पटकपटक अनुरोध गर्दासमेत समस्या समाधान नभएको संघको भनाई छ । निर्माण व्यवसायी आर्थिक तथा मानसिक दबाबमा परेको समयमा व्यवसायीलाई कालोसूचीमा राख्ने, बैंक ग्यारेण्टी जफत गर्ने जस्ता कार्य नगर्न नेपाल सरकारसमक्ष अनुरोध गरिएको छ ।

ज्ञापनपत्रमा भनिएको छ, नेपाल सरकारले समयमै मूल्य समायोजनको निर्णय नगरेका कारण निर्माणकार्य ठप्प हुँदा त्यसबाट उत्पन्न हुने सबै परिणामको जिम्मेवारी नेपाल सरकारले नै लिनुपर्ने छ ।

सरकारले ठोस निर्णय नगरेका कारण सबै प्रकारका आयोजनाका सम्पूर्ण निर्माणकार्य स्वत: बन्द हुने अत्यन्त गम्भीर परिस्थिति सिर्जना भएको ज्ञापनपत्रमा भनिएको छ । हालको अत्यन्त गम्भीर परिस्थितिका कारण निर्माण आयोजना पूर्वनिर्धारित समयमै सकिने कुनै सम्भावना नभएकाले बैंक ग्यारेण्टी, इन्सुरेन्स तथा थप क्षतिपूर्तिसहित सबै आयोजनाको आवश्यक म्याद थप र बजेट व्यवस्थापनका लागि निर्माण व्यवसायी संघ, मकवानपुरले ज्ञापनपत्रमार्फत अनुरोध गरेको छ ।

संघले डिभिजन सडक हेटौंडा, सहरी विकास तथा भवन कार्यालय, हेटौंडा, पूर्वाधार विकास कार्यालयलगायतका निर्माण उद्योगसँग जोडिएका कार्यालयमा ज्ञापनपत्र बुझाएको हो । यस्तै संघले जिल्ला प्रशासन कार्यालय मकवानपुरमार्फत् प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा ज्ञापनपत्र बुझाएको थियो ।

# रास्वपा मकवानपुरले तोक्यो १० वटै पालिकामा अधिवेशनको मिति



साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मकवानपुरका १० वटै पालिकामा अधिवेशन गर्ने तालिका सार्वजनिक गरेको छ ।

शनिबार हेटौंडामा बसेको जिल्ला कमिटी बैठकले हेटौंडा उपमहानगरसहित सबै पालिकामा जेठको दोस्रो साताभित्रै अधिवेशन गर्ने तालिका जनाएको हो । बैठकले थाहा नगरपालिकामा जेठ ९ गते अधिवेशन गर्ने निर्णय गरेको छ । यसका लागि पार्टीले राजकुमार कार्की र रमेश थापालाई जिम्मेवारी दिएको छ । यस्तै, जेठ १० गते हेटौंडा उपमहानगरपालिका र मनहरी गाउँपालिकाको अधिवेशन तोकिएको छ । यसका लागि पार्टीले विष्णु दाहाल, टाकाराज थापा, किशोर अर्याल र ईश्वर दाहाललाई जिम्मेवारी दिएको छ । जेठ १३ गते इन्द्रसरोवर गाउँपालिकामा अधिवेशनका लागि राजकुमार कार्की र रमेश थापा नै तोकिएका छन् ।

जेठ १५ गते मकवानपुर गढी गाउँपालिकामा अधिवेशन हुने भएको छ । यसका लागि नेताहरु विष्णु दाहाल र टाकाराज थापालाई जिम्मेवारी दिइएको छ । जेठ १६ गते बागमती, बकैया र राक्सिराङमा अधिवेशन तय भएको छ । यसका लागि रास्वपाले सुनिता राई, विवेक कट्टेल, अस्मिता न्यौपाने, विवेक सुवेदी र सन्तोष बर्तौलालाई जिम्मेवारी दिएको छ । शनिबार मकवानपुर पार्टीका कार्यबाहक सभापति एवम् मकवानपुर-१ सांसद प्रकाश गौतमको अध्यक्षतामा भएको बैठकले जिल्ला अधिवेशनअघि सबैपालिकामा अधिवेशन गर्ने निर्णय गरेको हो । मकवानपुरका १० पालिकामध्ये भीमफेदीमा भने अधिवेशन भइसकेको छ ।

# निर्देशनको कार्यान्वयनमा प्रगति विवरण माग

साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/बागमती प्रदेशसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा कृषि समितिले विभिन्न समयमा समितिबाट भएका निर्देशनको कार्यान्वयनको समीक्षा गर्ने भएको छ ।

प्रदेशसभा सचिवालयमा बसेको समितिको बैठकले सम्बन्धित मन्त्रालय तथा मातहत निकायलाई समितिबाट भएको निर्देशनको कार्यान्वयन सम्बन्धमा सात दिनभित्र विस्तृत प्रगति विवरण पेश गर्न निर्देशन दिएको छ । कार्यान्वयनको अवस्था स्पष्ट पार्न सम्बन्धित निकायलाई ताकेता गरेको समितिका सभापति ठाकुरप्रसाद ढकालले बताएका छन् । समितिले मन्त्रालय तथा अन्तर्गतका निकायलाई विगतमा समितिबाट जारी निर्देशनको कार्यान्वयन अवस्था, भएका प्रगति, बाँकी काम र देखिएका चुनौतीबारे तथ्यसहितको विवरण समितिसमक्ष बुझाउन भनेको हो ।



निर्देशन कार्यान्वयनमा ढिलाइ वा अवरोध देखिएको अवस्थामा त्यसका स्पष्ट कारण, समाधानका उपाय र हालसम्म गरिएका प्रयास समेत खुलाउन निर्देशन दिएको सभापति ढकालले बताए । यसैगरी बैठकले प्रदेश सरकारअन्तर्गत सञ्चालन भइरहेका प्रमुख आयोजना, परियोजना तथा कार्यक्रमको अवस्थाबारे पनि विस्तृत विवरण माग गरेको छ । ती योजनामा हालसम्म भएको लगानी रकम, कार्यसम्पन्न भएको वा नभएको अवस्था, प्राप्त प्रतिफल तथा सेवाग्राहीमा परेको प्रभावसमेत समेटेर सात दिनभित्र प्रतिवेदन बुझाउन समितिले निर्देशन दिएको हो ।

समितिले हाल सञ्चालन भइरहेका अनुगमन कार्यक्रमलाई अझ प्रभावकारी, परिणाममुखी र वस्तुगत मूल्यांकनमा आधारित बनाउन जोड दिएको छ । अनुगमनलाई तथ्यमा आधारित, उत्तरदायी तथा गुणस्तर सुनिश्चित गर्ने माध्यमका रुपमा विकास गर्नुपर्ने उल्लेख गर्दै समितिले सेवाप्रवाह सुधार, उपलब्धि मापन, दीगोपन परीक्षण, सुशासन अभिवृद्धि तथा पारदर्शिता प्रवर्द्धनलाई प्राथमिकतामा राख्न निर्देशन दिएको छ । समितिले २०८३ जेठ ६, ७ र ८ गते हुने स्थलगत अनुगमनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक सहजीकरण गर्न सचिवालयलाई निर्देशन दिएको छ ।

# गाउँपालिकाको पहलमा दुग्ध सहकारीलाई ३० केभिए जेनेरेटर



साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/दुग्ध उत्पादक किसानबाट संकलित रकमलाई पुन: किसानकै हितमा लगानी गर्ने नीति अन्तर्गत मकवानपुरका मनहरी गाउँपालिकाले मनहरी-३ स्थित नमुना कृषक बहुमुखी सहकारी संस्था लि.लाई साढे ७ लाख रुपैयाँ बराबरको ३० केभिए क्षमताको जेनेरेटर सहयोग गरेको छ ।

शनिबार आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले सहकारीका अध्यक्ष लालबहादुर थापा लाई जेनेरेटर हस्तान्तरण गरेका हुन् । कार्यक्रममा वडा नम्बर ३ का अध्यक्ष अनन्तप्रकाश अर्याललगायत दुग्ध किसानको उपस्थिति रहेको थियो । गाउँपालिका अध्यक्ष कालाखेतीले विद्युत अवरुद्ध हुँदा किसानबाट संकलित दूध चिस्यान केन्द्रमा सुरक्षित राख्न समस्या हुने भएकाले जेनेरेटर सहयोग गरिएको बताए । उनले किसानबाट दूध बिक्रीका आधारमा संकलित रकम पुन: किसानकै हितमा खर्च गर्ने नीति अनुसार सहयोग गरिएको स्पष्ट पारे ।

मनहरी गाउँपालिकाले केही समयअघि दुग्ध किसानको भुक्तानी सुनिश्चित गर्दै सहकारी मार्फत् दूध खरिद-बिक्रीको व्यवस्थापन सुरु गरेको थियो । त्यसपछि किसानबाट प्रतिलिटर ५० पैसाका दरले रकम संकलन गरिँदै आएको छ । यसअघि जिल्ला सहकारी संघमार्फत् दूध कारोबार हुँदा प्रतिलिटर ३ रुपैयाँसम्म कमिशन लिइने गरिएकोमा अहिले खर्च घटेर ५० पैसामा सीमित भएको गाउँपालिकाको दाबी छ । गाउँपालिकाले 'कृषिउपज खाता' सञ्चालन गरेर दूध बिक्रीको आधारमा रकम संकलन गर्दै आएको छ । हालसम्म खातामा करिब २५ लाख रुपैयाँ संकलन भइसकेको जनाइएको छ । संकलित रकम दुग्ध किसान र सहकारीको पूर्वाधार विकासमा खर्च गर्ने लक्ष्य राखिएको गाउँपालिकाले जनाएको छ । मनहरीमा सहकारी मार्फत दूध संकलन र नियमित भुक्तानी प्रणाली सुरु भएपछि दुग्ध किसान उत्साहित बनेका छन् । गाउँपालिकाले उद्योगसँग समन्वय गरेर किसानलाई प्रत्येक १५ दिनमा भुक्तानी सुनिश्चित गरेपछि किसानको विश्वास बढेको बताइएको छ । पछिल्लो समय यस व्यवस्थाले वैदेशिक रोजगारीबाट फर्किएका युवा पशुपालन तर्फ आकर्षित हुन थालेपछि मनहरीबाट प्रतिदिन करिब १५ हजार लिटर दूध उत्पादन हुने गरेको छ ।









साझाकुरा राष्ट्रिय दैनिकका लागि **सचिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना